# वैकल्पिक विकास वित्त कोषको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न दरखास्त आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०६/१६)

वैकल्पिक विकास वित्त परिचालन ऐन, २०८३ को दफा १९ को उपदफा (४) बमोजिम वैकल्पिक विकास वित्त कोषको प्रमुख कार्यकारी अधिकृत नियुक्तिको लागि नेपाल सरकारलाई सिफारिस गर्न "वैकल्पिक विकास वित्त कोषको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न उम्मेदवार छनोट सम्बन्धी कार्यविधि, २०८३" बमोजिम देहायको योग्यता पुगेका इच्छुक व्यक्तिहरूबाट दरखास्त आह्वान गरिएको छ:-

**(अ) प्रमुख कार्यकारी अधिकृत पदको लागि योग्यता तथा अनुभव**

(क) नेपाली नागरिक वा विदेशी नागरिक वा विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको व्यक्ति,

(ख) पैंतिस वर्ष उमेर पूरा भएको र पैंसट्ठी वर्ष उमेर पूरा नभएको,

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त विश्लेषण, अर्थशास्त्र, व्यवस्थापन वा वाणिज्यशास्त्र, सार्वजनिक विकास प्रशासन, वाणिज्य कानून वा इञ्जिनियरिङ विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको,

(घ) पूर्वाधार संरचना, आयोजना निर्माण तथा विकास, सार्वजनिक–निजी साझेदारी, लगानी प्रवर्द्धन, विकास प्रशासन, बैङ्किङ, वित्तीय क्षेत्र, औद्योगिक व्यवस्थापन वा अन्तर्राष्ट्रिय वित्तीय क्षेत्र वा संस्थामा कम्तीमा दश वर्षको व्यवस्थापकीय अनुभव हासिल गरेको,

(ङ) कोषसँग स्वार्थको द्वन्द्व नभएको,

(च) उच्च नैतिक चरित्र कायम गरेको,

(छ) कार्यविधिको दफा (६) बमोजिम अयोग्यता नभएको ।

**(आ) उम्मेदवारले दरखास्त साथ देहायका विवरण खुल्ने स्वयम् प्रमाणित कागजात समावेश गर्नु पर्नेछ:-**

(क) कार्यविधिको अनुसूची-१ बमोजिमको दरखास्तका लागि आवेदनको विवरण,

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त विश्लेषण, अर्थशास्त्र, व्यवस्थापन वा वाणिज्यशास्त्र, सार्वजनिक विकास प्रशासन, वाणिज्य कानून वा इञ्जिनियरिङ विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको,

(ग) पूर्वाधार संरचना, आयोजना निर्माण तथा विकास, सार्वजनिक–निजी साझेदारी, लगानी प्रवर्द्धन, विकास प्रशासन, बैङ्किङ, वित्तीय क्षेत्र, औद्योगिक व्यवस्थापन वा अन्तर्राष्ट्रिय वित्तीय क्षेत्र वा संस्थामा कम्तीमा दश वर्षको व्यवस्थापकीय अनुभव हासिल गरेको,

(घ) वैकल्पिक वित्त परिचालन वा आयोजना विश्लेषणको क्षेत्रमा अनुभव हासिल गरेको भए सोको प्रमाण,

(ङ) दरखास्त दिने अन्तिम मितिसम्म पैतीस वर्ष पुरा भई पैसट्ठी बर्ष उमेर ननाघेको बेहोरा खुलेको प्रमाण,

(च) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुईप्रति,

(छ) कार्यविधिको अनुसूची-२ बमोजिमको स्व:घोषणा ।

(ज) उमेदवारले व्यावसायिक रणनीति तथा कार्ययोजना देहायका बुँदाहरुमा आधारित रही तयार गरी पेश गर्नु पर्नेछ :-

(१) नेपालमा लगानी तथा पूर्वाधारमा लगानीको अवस्थाको विश्लेषण,

(२) वैकल्पिक विकास वित्तको दृष्टिकोण तथा अन्तर्राष्ट्रिय परिदृश्य,

(३) वैकल्पिक विकास वित्त परिचालन ऐनको विश्लेषण, सबल पक्ष, चुनौती र सोको व्यवस्थापनको लागि धारणा,

(४) वैकल्पिक विकास वित्त परिचालन कोषको रणनीतिक दिशा,

(५) वैकल्पिक विकास वित्त परिचालन कोषको चार वर्षको व्यवसायिक कार्ययोजना,

(६) संस्थागत सुशासन तथा संगठनात्मक क्षमता विकास,

(७) कार्य योजना कार्यान्वयनका चरणहरु, कार्यान्वयनमा आउन सक्ने समस्या र समाधानका उपायहरु।

(झ) उल्लिखित व्यावसायिक रणनीति तथा कार्ययोजना यस कार्यविधिको अनुसूची-३ बमोजिम पहिलो पृष्ठ सहित नेपाली वा अङ्ग्रेजी भाषामा A4 Paper Size को कागजमा कम्प्युटर टाइप गरिएको ५००० (पाँच हजार) शब्दमा नबढाई तयार गरी तीन प्रति पेश गर्नु पर्नेछ ।

(ञ) पेश गरेको व्यावसायिक रणनीति तथा कार्ययोजनाको तीन प्रतिमध्ये कुनै एकप्रतिको प्रत्येक पृष्ठमा उम्मेद्‌वारले दस्तखत गरी छुट्टै खाममा शिलबन्दी गर्नुपर्नेछ । सो बाहेक अन्य दुई प्रतिको कुनै पनि पृष्ठमा कहींकतै नाम, दस्तखत वा आफूलाई चिनाउने कुनै सङ्केत नगरी छुट्टै खामभित्र राखी शिलबन्दी गर्नु पर्नेछ र दुवै शिलबन्दी गरिएको खामलाई अर्को ठुलो खामभित्र राखी शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

(ट) व्यावसायिक रणनीति तथा कार्ययोजनाको प्रस्तुतीकरण (Hard Copy र Soft Copy) समेत छुट्टै खाम भित्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

**(इ) दरखास्त पेश गर्ने अन्तिम मिति:** यो सूचना प्रकाशन भएको मितिले चौध दिनको कार्यालय समय भित्र (मिति २०८३/०६/२९ गते भित्र) । (अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनको कार्यालय समय भित्र)

**(ई) दरखास्त पेश गर्ने स्थान:** अर्थ मन्त्रालय, सिंहदरबार ।

"वैकल्पिक विकास वित्त कोषको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न उम्मेदवार छनोट सम्बन्धी कार्यविधि, २०८३" र यो सूचना अर्थ मन्त्रालयको वेबसाइट https://mof.gov.np मा हेर्न सकिने छ । यस सम्बन्धमा थप जानकारीका लागि अर्थ मन्त्रालयका उपसचिव श्री अर्जुन ढकाल, सिंहदरबार (सम्पर्क नं. ९८५११४५८४६) मा सम्पर्क राख्न सकिने छ ।